कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

## धनकुटा, नेपाल

सोमनाथ अधिकारी
उपसचिव

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।२२ गते

**सिलबन्दी दरभाउपत्र नं. : HD-KP/G/SQ -01/082-83**

यस निर्देशनालयलाई आवश्यक पर्ने एच.पी.भी. खोप र पूर्ण खोप सुनिश्चितता कार्यक्रम सञ्चालनार्थ खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त गरेको फर्म/सप्लायर्स वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. यो सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र यस निर्देशनालयबाट चालु आर्थिक वर्षको लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई यस निर्देशनालयलाई सम्बोधन गरी कामको विवरण, नाम,ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्धारा फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय धनकुटास्थित प्रदेश लेखा इकाई कार्यालयको नाममा रहेको राजश्व खाता नं. १०००१००२०१०१०००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी यस निर्देशनालयबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिने छ। राजश्व शिर्षक नं.१४२२९ रहेको छ।

२. खरिद भएको सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र चालु आर्थिक वर्षको लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई यस निर्देशनालयलाई सम्बोधन गरी कामको विवरण, नाम,ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्धारा यस निर्देशनालयमा दर्ता गराउनु पर्नेछ। सोही दिन दिनको २:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएतापनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

४. सिलबन्दी दरभाउपत्र जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय धनकुटा स्थित प्रदेश लेखा इकाई कार्यालय धनकुटाको नाममा रहेको धरौटी खाता नम्बर २०१०१००२०२०३०००० मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनसम्म अवधि भएको "क" श्रेणीको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस निर्देशनालयको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ। कार्यालय कोड नं.३७००१०६०३१ रहेको छ। सिलबन्दी दरभाउपत्रको अवधि ४५ दिनको हुनेछ।

५. सिलबन्दी दरभाउपत्रमा दररेट भर्दा आइटम अनुसारको दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरको बीचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। दररेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको स्थानमा सहिछाप नगरेको, सिलबन्दी दरभाउपत्र फारमको फोटोकपी गरी पेश गरेको, यस निर्देशनालयबाट बिक्री नभएको सिलबन्दी दरभाउपत्र, एक व्यक्ति वा फर्मको नाउँमा बिक्री भएको सिलबन्दी दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्तबाट कुनै शर्त राखि पेश गरेको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन।

६. आपूर्ति गरिने खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई कार्य सम्झौतामा उल्लेख भए बमोजिम बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारवाही हुनेछ।

७. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

८. खरिद गरिने खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई स्वास्थ्य निर्देशनालय धनकुटामा आपूर्तिकर्ताले नै ढुवानी गर्नुपर्ने छ। सो वापतको छुट्टै भाडा भुक्तानी हुने छैन।

९. सिलबन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ङ) बमोजिम खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा (स्वघोषणा) गरेको कागजात सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

१०. यस सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस निर्देशनालयको सम्पर्क नं. ०२६-५२२५०८ मा सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण | सिलबन्दी दरभाउपत्र दस्तुर | सिलबन्दी दरभाउपत्र जमानत दस्तुर | जमानत मान्य हुने अवधि |
|---|---|---|---|---|---|
| १. | **HD-KP/G/SQ -01/082-83** | खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई खरिद | १,०००।- | ३१,०००।- | २०८२ चैत्र ७ |

निर्देशक

स्वास्थ्य निर्देशनालय, धनकुटा

कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

धनकुटा, नेपाल

सोमनाथ अधिकारी
उपसचिव

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२२ गते

आर्थिक वर्ष २०८२/०८३ मा एच.पी.भी. खोप र पूर्ण खोप सुनिश्चितता कार्यक्रम सञ्चालन गर्नको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजेभित्र यस निर्देशनालयमा सिलबन्दी दरभाउपत्र दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि निर्देशनालयको वेभसाइट **hd.koshi.gov.np** बाट समेत जानकारी लिन सकिनेछ ।

तपसिल

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र फारम दस्तुर | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | **HD-KP/G/SQ -01/2082-83** | खोप रजिष्टर र पूर्ण खोप कार्ड छपाई खरिद | रु.१,०००।- | रु.३१,०००।- | |

निर्देशक

स्वास्थ्य निर्देशनालय, धनकुटा